म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३३३ शनिबार २९ असार २०८१ ने. सं. ११४४ दिल्लाथ्व 13 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्थापना दिवसमा आश्रमलाई आर्थिक सहयोग

हेटौंडा, २८ असार/नेपाल मोवाइल व्यवसायी महासंघको स्थापना दिवसको अवसरमा आश्रमलाई आर्थिक सहयोग गरिएको छ । स्थापना दिवस मनाउँदै महासंघ बागमती प्रदेश समिति र मोवाइल एशोसिएसन अफ नेपाल मकवानपुरले संयुक्तरुपमा हेटौंडा-२ स्थित ओम वृद्धाश्रमलाई आर्थिक सहयोग गरेको महासंघ प्रदेश समिति अध्यक्ष एसीस रिजालले बताए । महासंघका केन्द्रीय उपाध्यक्ष छत्तेन्द्र आचार्यको उपस्थितिमा आश्रमलाई प्रदेश समिति र म्यान मकवानपुरले संयुक्त रुपमा रु. १५ हजार रुपैयाँ प्रदान गरिएको अध्यक्ष रिजालले बताए । यो रकम आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठलाई हस्तान्तरण गरिएको हो । कार्यक्रममा म्यान मकवानपुरका अध्यक्ष नवराज चौलागाई, निवर्तमान अध्यक्ष दिनेश लामा लगायत पदाधिकारी उपस्थित थिए । दिवसकै अवसरमा मकवानपुरका मोवाइल व्यवसायीले आफ्नो व्यवसायमा दीपप्रज्वलन गरेका थिए । देशैभरि व्यवसायीले स्थापना दिवस मनाएका छन् ।

# प्रचण्डको बर्हिगमन, ओलीको आगमन

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले प्रतिनिधिसभामा राखेको विश्वासको मत अस्वीकृत भएपछि १८ महिनादेखिको प्रचण्ड नेतृत्वको सरकार ढलेको छ ।



राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा २ अनुसार नयाँ सरकार गठनका लागि शुक्रबार साँझ दलहरुलाई आह्वान गरेका छन् । राष्ट्रपति पौडेलले संविधानको धारा ७६ (२) बमोजिम बहुमतको प्रधानमन्त्रीमा दाबी गर्न आह्वान गर्दै आइतबार साँझ ५ बजेसम्मको समय तोकेका छन् । धारा ७६ को उपधारा २ मा प्रतिनिधिसभाका दुई वा दुईभन्दा बढी दल मिलेर सरकार बनाउनसक्ने व्यवस्था छ ।

यो आह्वानसँगै राजनीतिक वृत्तमा देखिएको अन्यौल अन्त्य भएको छ । केपी शर्माओली प्रधानमन्त्री बन्न शुक्रबार राति राष्ट्रपति पौडेलसमक्ष दाबी पेश गरेका छन् । 'प्रचण्ड' एक वर्ष ६ महिना १७ दिनमा सत्ताबाट बाहिरिएका हुन् । २०७९ साल पुस ११ गते एमालेसहित ६ दलको समर्थनमा उनी तेस्रोपटक सिंहदरबार प्रवेश गरेका थिए । प्रचण्डकै भाषामा उनलाई सरकार परिवर्तनका कारणले 'उथलपुथलकारी'को रुपमा चित्रण गरिन्छ ।

उनले सत्ता परिवर्तन गरिरहँदा 'आफू बाचुन्जेलउथलपुथल भइरहन्छ' भन्ने अभिव्यक्ति यसअघि एउटा सार्वजनिक कार्यक्रममा दिएका थिए । यस अवधिमा ५ पटक विश्वासको मत लिएर खराब नजिर स्थापित गरेका प्रचण्ड राजनीतिक उथलपुथलको सिकार अन्तत: आफैँ भए । शुक्रबार प्रतिनिधिसभामा प्रचण्डले पाँचौंपटक विश्वासको मत मागेका थिए । यो प्रक्रियामा संघीय संसदको तल्लो सदनका २५८ सांसदको सहभागिता रहेकोमा ६३ जनाले मात्र विश्वासको मतको पक्षमा मतदान गरेका थिए । २०७९ सालमा सम्पन्न निर्वाचनपछि प्रतिनिधिसभाको तेस्रो ठूलो दलका नेता प्रचण्ड २०७९ पुस ११ गते प्रधानमन्त्री नियुक्त भएका थिए । सत्तासमिकरणमा दरो जोडघटाउ गर्ने ठूला दलले पनि तेस्रो ठूलो दल माओवादी केन्द्रलाई नै नेतृत्व सुम्पिएर बसेको थियो ।

प्रधानमन्त्री नियुक्त भएको करिब १५ दिनपछि पहिलोपटक २०७९ पुस २६ गते प्रचण्डले करिब शत प्रतिशत जस्तै विश्वासको मत पाएका थिए ।२७० जना सांसद उपस्थित भएको प्रतिनिधिसभाको बैठकमा २६८ जनाले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएका थिए । राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी र नेपाल मजदुर किसान पार्टीका प्रेम सुवालले मात्र विपक्षमा मत दिएका थिए । त्यसबाहेक प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सबै दल र स्वतन्त्र सांसदले विश्वासको मत दिएका थिए ।

दोस्रोपटक प्रधानमन्त्री प्रचण्डले २०७९ चैत ६ गते विश्वासको मत लिंदा २६२ सांसद उपस्थित रहेकोमा नेपाली कांग्रेससहित १७२ जनाले विश्वासको पक्षमा मत दिएका थिए । ८९ सांसदले विपक्षमा मत दिँदा एकजना तटस्थ बसेका थिए । प्रचण्डले गएको फागुन ३० गते तेस्रोपटक विश्वासको मत लिंदा सहभागी २६८ सांसदमध्ये १५७ जनाले उनको पक्षमा मतदान गरेका थिए । कांग्रेससहित ११० सांसदले विपक्षमा मतदान गरेका थिए । एकजना सांसद तटस्थ बसेका थिए ।

प्रधानमन्त्री 'प्रचण्ड'ले संसदमा चौथोपटक जेठ ७ गते विश्वासको मत लिएका थिए । प्रधानमन्त्री प्रचण्डले राखेको विश्वासको मतको प्रस्तावको पक्षमा १५७ मत खस्यो भने विपक्षमा शून्य मत खसेको छ । एक सांसद भने तटस्थ बसे । बैठकमा १५८ मत खसेको थियो । पाँचौपटक शुक्रबार प्रचण्डले कूल सहभागी सांसदमध्ये २४.४१ प्रतिशतको मात्र मत पाए । संघीय संसदको २५८ सांसदको सहभागिता रहेकोमा ६३ जनाले मात्र विश्वासको मतको पक्षमा मतदान गरेका थिए ।

शुक्रबार नै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली काँग्रेसका सभापति शेर बहादुर देउवाले नयाँ सरकार गठनबारे तयार पारिएको सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । प्रधानमन्त्री प्रचण्डले संसद बैठकमा विश्वासको मत प्राप्त गर्न नसकेपछि पदमुक्त भएका हुन् । त्यसलगत्तै नयाँ सरकार गठनको निम्ति सभापति देउवा र अध्यक्ष ओलीबीच सहमतिपत्रमा हस्ताक्षर भएको हो ।

कामचलाउ प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई निजी निवास खुमलटारमा भव्य स्वागत गरिएको छ । बिहीबार साँझ पदमुक्त भएलगत्तै बालुवाटारको सरकारी निवास छाडेर निजी निवास खुमलटार गएका प्रम प्रचण्डलाई स्थानीय नागरिक, संघसंस्था र माओवादी नेता-कार्यकर्ताले स्वागत गरेका हुन् । प्रचण्डको स्वागतमा उपस्थित जनसमुदायलाई उनले सम्बोधन गरेका थिए ।

नेकपा एमालेले समर्थन फिर्ता लिएपछि प्रतिनिधिसभा बैठकमा प्रचण्डले राखेको विश्वासको मतसम्बन्धी प्रस्ताव अस्वीकृत भएपछि प्रचण्ड शीतल निवास पुगेर राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटघाट गरेर खुमलटार गएको हुन् । यसैबीच राष्ट्रपति कार्यालयले अर्को सरकार गठन नभएसम्मका लागि मौजुदा मन्त्रीमण्डललाई कार्यसंचालन गर्ने गरी तोकेको राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले बिज्ञप्तीमार्फत जानकारी गराएकी छन् ।

# बागमतीका विपत् प्रभावित किसानलाई राहत

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ बागमती प्रदेश सरकारले विपतबाट प्रभावित किसानलाई लक्षित गरी एक करोड रुपैयाँभन्दा बढी रकम वितरण गरेको छ ।

प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत कृषिक्षेत्रमा विपतबाट क्षति पुगेका कृषि फार्म र कृषकलाई राहतस्वरुप चालु आर्थिक वर्ष २०८०/८१ मा एक करोड १९ लाख ७३ हजार ४४३ रुपैयाँ वितरण गरेको हो । राहत कार्यक्रमबाट चालु आवमा प्रदेशभरका ७६ जना किसान लाभान्वित भएका छन् । प्रदेश सरकारले नेपालमा पहिलोपटक कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्रतिकूल असर पार्ने प्राकृतिक र गैर प्राकृतिक विपद्बाट प्रभावित किसानलाई राहत रकम प्रदान गर्ने गरी गत आवबाट कार्यक्रम सुरु गरेको थियो ।

मन्त्रालयका प्रवक्ता सुजन कँडेलले राहत व्यवस्थापन तथा निर्देशन समितिले करिब १७ लाख रुपैयाँ किसानलाई वितरण गर्ने निर्णय गरेको जानकारी दिए । कृषितर्फ चितवनका १६ जना र धादिङका दुई जना गरी १८ जना किसानलाई पाँच लाख ७७ हजार ४२७ रुपैयाँ र पशुपन्छी तथा मत्स्यतर्फ आठ जना किसानलाई ११ लाख आठ हजार ३३४ रुपैयाँ सहयोग रकम हस्तान्तरण गर्ने निर्णय भएको बताए ।

कृषितर्फ धानमा बाला नलागेको र केरा खेतीलाई हावाहुरीले पुऱ्याएको क्षतिबापत र पशुपन्छी तथा मत्स्यतर्फ गाई, बंगुर, कुखुरा लगायतलाई विभिन्न रोग लागेर मरेपछि किसानलाई क्षतिपूर्तिबापत दिने निर्णय भएको थियो । यसअघि असारको दोस्रो साता समितिले २१ लाख ९७ हजार २२२ रुपैयाँ राहत वितरण गर्ने निर्णय गरेको प्रवक्ता कँडेलले बताए । गत आव २०७९/८० बाट सुरु गरेको राहत वितरणको बजेट चालु आवमा वृद्धि गरिएको थियो ।

प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत कृषिक्षेत्रमा विपत्बाट क्षति पुगेका कृषकलाई राहत वितरण गर्ने गरी गत आवमा तीन करोड रुपैयाँ विनियोजन गरेको प्रदेश सरकारले चालु आवमा बढाएर पाँच करोड रुपैयाँ पुऱ्याएको थियो । मन्त्रालयको चालु आवको कार्यक्रमअनुसार आपतकालीन/आकस्मिक रोग/क्षति न्यूनीकरण कार्यक्रम अन्तर्गत राहत वितरण गर्न कृषिक्षेत्रमा विपतबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८० बनाएर राहत वितरण गरिएको हो ।

मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले प्राकृतिक र गैरप्राकृतिक विपतबाट प्रभावित किसानलाई गत आवमा प्रदान गरिएको राहत रकमले केही सहयोग पुगेको बताउँदै प्रभावित किसानलाई राहत रकमले कृषि तथा पशुपन्छी कर्ममा लागिरहन प्रोत्साहित गर्ने भएकाले बजेटमा वृद्धिसँगै कार्यक्रमलाई निरन्तरता दिइएको बताए । गत आवमा मन्त्रालयले वार्षिक स्वीकृत कार्यक्रमअनुसार एक करोड ५७ लाख ७५ हजार १६० रुपैयाँ राहत रकम किसानलाई वितरण गरेको थियो ।

राहत रकमबाट काभ्रे, चितवन, नुवाकोट, मकवानपुर, दोलखा, काठमाडौँलगायतका कृषि फार्मसँगै किसान लाभान्वित भएका छन् । राहत रकम प्राप्त गर्न किसानले बीमा नगरेको र कुनै निकायबाट राहत नलिएको हुनुपर्ने व्यवस्था छ ।

# कैलाश एफसी फाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ कैलाश फुटबल क्लब मकवानपुरको पश्चिमीक्षेत्र मनहरीमा जारी फुटबल प्रतियोगताको फाइनलमा पुगेको छ । पहिलो संस्करणको मिलन-धर्मराज स्मृति फुटबल प्रतियोगिताको फाइनलमा आयोजक सिम्पानी युथ क्लबलाई हाराउँदै कैलाश उपाधि नजिक पुगेको हो ।

२८ असारमा मनहरी-८ स्थित सिम्पानी मैदानमा भएको पहिलो सेमिफाइनल खेलमा आयोजक सिम्पानीलाई १-० गोल अन्तरले पछि पार्दै कैलाश फाइनलमा प्रवेश गरेको हो । कैलाशको जीतमा अभिषेक लामाले निर्णायक गोल गरेका हुन् । उनले खेलको दोस्रो हाफको १२ औं मिनेटमा एक गोल गर्दै कैलाशलाई फाइनमा प्रवेश गराएका हुन् । खेलको म्यान अफ द म्याच कैलाशको तर्फबाट निर्णायक गोलकर्ता लामा घोषित भएका छन् ।

२९ असारमा हुने अन्तिम सेमीफाइनल खेलमा हासु एफसी र इन्टरनेट सिटीबीच प्रतिस्पर्धा हुनेछ भने दुई समूहको विजेता टिमले सोमबार उपाधिका लागि कैलाशसँग प्रतिस्र्धा गर्नुपर्नेछ । खेलका विजेताले फाइनलमा कैलाश एफसीसंग प्रतिस्पर्धा गर्नेछन् । ३० असारसम्म हुने खेलको उपाधि विजेता टिमले एक लाख रुपैयाँ, उपविजेता टिमले ५० हजार रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

विधागततर्फ उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई ५-५ हजार रुपैयाँको नगद राशि र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता अवधिभरको सर्वोकृष्ट खेलाडीले ७ हजार रुपैयाँ र ट्रफि प्राप्त गर्नेछन् ।

# सडक डिभिजन हेटौंडामा निर्माण व्यवसायीले लगाए ताला

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ निर्माणकार्यको समयमै भुक्तानी नदिएको भन्दै मकवानपुरका निर्माण व्यवसायीले शुक्रबार सडक डिभिजन हेटौंडामा ताला लगाएका छन् ।

निर्माण व्यवसायी संघ मकवानपुरको नेतृत्वमा सडक डिभिजन कार्यालयको मूलढोकामै संघका अध्यक्ष बालगोपाल कंडेल लगायतका निर्माण व्यवसायीले ताला लगाएका हुन् । कर्मचारी र सेवाग्राहीहरु कार्यालय भित्रै थुनिएका छन् । संघले सडक डिभिजन हेटौंडाबाट सडक र पुल निर्माण वापतको २५ करोड बढी रुपैयाँ भुक्तानी नदिएको आरोप लगाएको छ ।

अध्यक्ष कंडेलले डिभिजनको कार्यक्षेत्रभित्र पुल निर्माण कार्य गरेको मात्रै १० करोड बढी भुक्तानी बाँकी रहेको बताए । डिभिजनले सपना/साग कन्ट्रक्सनको १ करोड ३५ लाख, निरीक्षा निर्माण सेवा प्रालिको १ करोड, मेरिना कन्ट्रक्सन कम्पनी प्रालिको १ करोड ४० लाख, डिएस कन्ट्रक्सन/मोना जेभीको १ करोड ५० लाख, एलाइट/मोना जेभीको १ करोड ५० लाख भुक्तानी नभएको उनले बताए ।

करोड भन्दा तल भुक्तानी लिन बाँकी निर्माण व्यवसायी धेरै रहेको र डिभिजनले पटक-पटक आग्रह गर्दा पनि भुक्तानी दिन आलटाल गरेकोले ताला लगाउन बाध्य भएको कंडेलले बताए । प्रहरीले ताला खोलेर वार्तामा बस्न आग्रह गर्दा पनि निर्माण व्यवसायीहरु ताला खोल्न तयार भएनन् । संघले सडक आन्दोलनमा जाने तयारी गरिरहेको उनको चेतावनी छ ।

उनकाअनुसार जिल्लाका स्थानीय तह, प्रदेश र संघीय सरकार मातहतका अन्य कार्यालयबाट निर्माण व्यवसायीको ५० करोड भन्दा बढी भुक्तानी हुन बाँकी रहेको छ । भुक्तानी नदिने कार्यालयमा धर्ना र तालाबन्दीको कार्यक्रम जारी राख्ने कंडेलले बताए । सडक डिभिजन हेटौंडाका प्रवक्ता इन्जिनियर रमेशकुमार पाण्डेले अर्थ मन्त्रालयबाट पैसा नै नआए पछि निर्माण व्यवसायीको भुक्तानी दिन नसकिएको बताए । मन्त्रालयलाई पटक-पटक आग्रह गर्दा पनि पैसा नआएको उनको भनाई छ ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- ☞ अनलाइन फर्म भर्ने सुविधा ।
- ☞ रोड टेस्ट गराइन्छ ।
- ☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- ☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- ☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५०२७०५७




यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# के एआईका लागि विश्वमा पर्याप्त बिजुली छ ?

यदि तपाईं आफ्नो ल्यापटपको पिंधको भाग छाम्नुभयो भने सायद त्यो तातो महसुस हुन्छ । इमेल डिस्प्ले गर्नेदेखि स्प्रेडशिट बनाउने अनि विभिन्न चिप्स चलाउनका लागि ल्यापटपलाई करोडौं क्याल्कुलेसन गर्नु पर्दछ, जसमा ऊर्जा खपत हुन्छ । यही कारणले गर्दा जब तपाईंले लामो समयसम्म काम गर्नुहुन्छ तब ल्यापटपको ब्याट्री छिटै डिस्चार्ज हुन्छ । अब कल्पना गर्नुहोस् त ती दुनियाँका लाखौं करोडौं कम्प्युटर हरू जसले स्प्रेडशिट होइन कि आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् एआईका लागि एल्गोरिदम बनाइरहेका छन् !



तिनै एआईको मद्दतले त्यस्ता औषधिहरू समेत बनाउन सकिन्छ जसबाट सबै प्रकारका क्यान्सरको उपचार हुनसक्छ । यसले पृथ्वीको बढ्दो तापमान रोक्नमा पनि मद्दत मिल्नसक्छ । यतिमात्र होइन यस्ता कैयन् कामहरू जुन मानिसले गर्न चाहँदैन, ती सबै एआईको मद्दतले मेसिन मार्फत् गराउन सकिन्छ । तर, एआईलाई विकसित गर्नका लागि करोडौं कम्प्युटर चलाउन र त्यसलाई चिस्याउन आवश्यक एयर कण्डिसनिंगका लागि ठूलो परिमाणमा उर्जाको आवश्यकता पर्दछ ।

**संसारलाई बदल्दै एआई**

आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् एआई भनेको त्यस्तो सुपर एडभान्स्ड कम्प्युटर प्रोग्राम हो जसले विशाल मात्रामा डेटा प्रोसेस गर्न सक्दछ । अर्थात् उसले सामान्य प्रोग्रामभन्दा अत्यधिक पेचिलो काम गर्न सक्दछ र त्यसको डेटा प्रोसेसिङ क्षमता मानिसको मस्तिष्कको क्षमता भन्दा निकै धेरै हुन्छ, जसका कारण विभिन्न समस्याहरुको समाधान निकाल्नमा सफल हुन्छ । सिड्नीस्थित रणनीतिक भविष्यवेत्ता डाक्टर मार्क भ्यान रायमेनम भविष्यमा कस्तो खालको प्रविधिको विकास हुनसक्छ भन्ने कुराको अनुमान लगाउनुका साथै त्यसको आँकलन गर्ने गर्दछन् ।

उनका अनुसार स्वास्थ्य सेवामा एआईको प्रभाव अहिलेदेखि नै देखापर्न थालेको छ । उनी भन्छन्- गुगलले मेड जेमिनी नामक एउटा एआई प्रोग्राम बनाएको छ जसलाई डाक्टरहरुले बिरामीको जाँच गर्ने समयमा आफ्नो सहयोगीको रुपमा प्रयोग गर्न सक्दछन् । डिप माइन्सको अल्फा फोल्ड एउटा यस्तो एआई प्रोग्राम हो जसले शरीरमा प्रोटिनले कसरी काम गर्दछ भन्ने पत्ता लगाउँछ । यसको प्रयोगबाट केवल बिरामीहरुको उपचारमा सहयोग पुग्ने मात्र नभई त्यस्ता रोगहरुबाट बँच्न समेत सकिन्छ ।

**चिकित्सा क्षेत्रमा नयाँ सम्भावनाहरू पैदा गर्दै एआई**

डिप माइन्डको आर्टिफिसियल इन्टेलिजेन्स प्रोग्राम अल्फा फोल्डबाट चिकित्सा जगतमा विभिन्न सम्भावनाहरू उजागर भइरहेका छन् । एआईले वर्तमान विश्वको सबैभन्दा ठूलो चुनौतीको रुपमा रहेको तापमान वृद्धिसँग जुध्नका लागि समेत सहयोग गर्न सक्दछ ।

मार्क भ्यान रायमेनमका अनुसार एआईले हाल जलवायु परिवर्तन नियन्त्रण गर्नमा सहयोग गरिरहेको छ । उनका अनुसार अहिले यस्ता एआई प्रोग्राम छन् जसको मद्दतले कहाँ कहाँ प्राकृतिक विपद् घटित हुन्छन् भनेर पत्ता लगाउन सकिन्छ । साथै मौसममा आइरहेको परिवर्तनको सटिक अनुमान पनि लगाउन सकिन्छ ।

मार्कका अनुसार भविष्यमा आर्टिफिसियल सुपर इन्टेलिजेन्स पनि बनाउन सकिन्छ जसले दुनियाँमा हरेक मानिसको जिन्दगी बदल्न सक्दछ । त्यस्तो आर्टिफिसियल सुपर इन्टेलिजेन्स विश्वको समुच्चा मानव प्रजातिभन्दा अधिक तिक्ष्ण तथा सक्षम हुनेछ । यो सम्भावना जति डरमर्दो छ उत्तिनै रोचक पनि छ । यसबाट दुनियाँका विभिन्न पेचिला समस्याहरू पनि हल हुन सक्दछन् । एआईको प्रयोगबाट न्युक्लिएर फ्युजन गर्न तथा सोलार प्यानललाई अझै उत्कृष्ट बनाउन समेत सहयोग पुगिरहेको छ । भविष्यमा जब सुपर आर्टिफिसियल इन्टेलिजेन्स विकशित हुनेछ तब हुनसक्छ कि हामीले ती चिजहरुबाट समेत ऊर्जा उत्पादन गर्न सक्नेछौं जो अहिले सम्भव छैन ।

यो सुन्दा अनौठो लाग्नसक्छ तर यदि मानिसले अत्यधिक बुद्धिमत्तायुक्त चिज बनायो भने कुनै पनि कुरा सम्भव हुनेछ । सुपर आर्टिफिसियल इन्टेलिजेन्सका कारण सबै कुरा यतिधेरै प्रचूर मात्रामा उपलब्ध हुनसक्छ कि विश्वका सबै खालका समस्या समाप्त हुनसक्छन् ।

**एआईलाई ऊर्जाको आवश्यकता**

लस एन्जल्सस्थित साउदर्न क्यालिफोर्निया विश्वविद्यालयका शोध प्राध्यापक केट क्रफर्डले पृथ्वीमा एआईको बढ्दो प्रभावका विषयमा अध्ययन गर्दै आएका छन् । उनका अनुसार हाम्रो दैनिक जीवनमा एआईको उपस्थिति अहिले विभिन्न ठाउँमा देखिन थालेको छ । फोनलाई अनलक गर्नका लागि फेस डिटेक्सनदेखि स्पम इमेलको पहिचान गर्ने सम्मका काम एआईको सहयोगमा हुन्छन् । साथै यसैको सहयोगमा भाषाको अनुवाद गर्ने प्रोग्राम पनि बनाउन सकिन्छ ।

तर एआई प्रोग्राम बनाउने तथा सञ्चालित गर्ने कम्प्युटरलाई चलाउनका लागि भारी मात्रामा बिजुली खर्च हुन्छ । एक प्रक्षेपण अनुसार सन् २०२७ सम्ममा एआईले खपत गर्ने उर्जा नेदरल्याण्ड जत्रो देशले गर्ने कुल ऊर्जा खपतभन्दा अधिक हुनेछ । प्राध्यापक क्रफर्डका अनुसार एआईलाई विकसित गर्न वा प्रयोग गर्नका लागि ठुलो संख्यामा मेसिनहरू तथा कम्प्युटरहरू आवश्यक पर्दछन्, जसले एल्गोरिदमको प्रयोग गरेर करोडौं क्याल्कुलेसन गर्दछन् ।

पछिल्लो दुई तीन वर्षमा यी सुविधाहरूको निर्माणमा ठुलो वृद्धि भएको छ । यसका कामका लागि विशाल डेटा सेन्टर बनाउनु पर्दछ जसमा सयौं ठुला कम्प्युटरहरू जडान हुन्छन् । ठुलो गोदाम आकारका ती भवनहरुमा झ्याल हुँदैनन् र त्यसलाई चिसो राखिराख्नुपर्ने हुन्छ । जसका लागि पनि ठूलो परिमाणमा ऊर्जा खपत हुन्छ । संसारमा यस्ता ९ देखि १२ हजारवटा डेटा सेन्टर छन् । यहाँ एआईलाई चलाउनका लागि शक्तिशाली सुपर कम्प्युटरको प्रयोग गरिन्छ, जसबाट निकै धेरै तापक्रम पनि पैदा हुन्छ ।

आम रुपमा डेटा सेन्टरहरु नदी वा तलाउ जस्ता पानीका स्रोतहरुको नजिकै बनाइन्छ ताकि त्यसलाई शीतल राख्नका लागि पर्याप्त मात्रामा पानीको आपूर्ति सुनिश्चित हुन सकोस् । तर, पानी पम्प गर्न र कम्प्युटरहरू चलाउनका लागि ठुलो मात्रामा बिजुलीको खाँचो पर्दछ ।

**यौन स्वास्थ्य**

# यौन सुखका लागि प्राकृतिक गर्भनिरोधक विधि

दाम्पत्य जीवनको अभिन्न पाटो हो यौन । सन्तान जन्माउन मात्र होइन, आपसी सम्बन्धलाई प्रेमिल र रोमाञ्चक बनाइराख्न पनि यौनले भूमिका खेल्छ । दाम्पत्य सुखको एउटा कडी हो यौन ।



यसका थुप्रै सकारात्मक पक्ष छन् । जस्तो कि यसले दम्पतीबीचको सम्बन्धलाई प्रगाढ बनाउँछ । किनभने यस क्रममा दुवैजना भावनात्मक रुपले एकदमै नजिक हुन्छन् । तनाव, चिन्ता जस्ता मानसिक विकार हटाउँछ ।

कतिपय अध्ययनमा के पाइएको छ भने सक्रिय यौन सम्बन्धले शारीरिक स्वास्थ्यमा पनि प्रभाव पार्छ । रक्त प्रवाहदेखि फदयलाई स्वस्थ राख्न समेत यौनक्रियाले सहयोगी भूमिका खेल्छ ।

यद्यपि यौन सम्बन्धका लागि श्रीमान् र श्रीमती दुवै उत्सुक र तयार हुनुपर्छ । यसमा दुवैको समान सहभागिता जरुरी हुन्छ । यौनका लागि दुवैमा एकसाथ मूड नबन्न सक्छ । यस्तो अवस्थामा प्राकक्रीडा आवश्यक हुनसक्छ । यसले क्रमश: दुवैमा यौनप्रति उत्सुकता जगाउँछ । प्राकक्रीडा भनेको यौन सम्पर्कपूर्व गरिने यस्तो अभ्यास हो, जसले दुवैलाई यौनका लागि समूचित ढंगले उक्साउँछ ।

यौनक्रियाका क्रममा गर्भ रहने सम्भावना रहन्छ । सन्तानको रहर पुगिसकेको अवस्थामा गर्भ रह्यो भने दम्पतीका लागि त्यो टाउको दुखाइको विषय बन्न पुग्छ । कुनै गर्भनिरोधक औषधि वा विधि प्रयोग नगरेको अवस्थामा गरिने यौन सम्पर्कबाट गर्भ रहन सक्छ ।

त्यसैले सुरक्षित यौन सम्बन्ध बनाउनका लागि गर्भनिरोधक साधनहरुको प्रयोग गर्न सकिन्छ । गर्भ रहेको अवस्थामा पनि आपतकालीन चक्कीको सेवन गर्न सकिन्छ । यौन सम्पर्क भएको निश्चित अवधिभित्र सेवन गरेपछि गर्भ रहने जोखिम कम हुन्छ ।

सुरक्षित यौन सम्बन्धका लागि कन्डम जस्ता साधनहरु प्रयोग गर्नु उचित हुन्छ । यसले एकातिर गर्भ रहने जोखिम कम गर्छ भने अर्कोतिर यौनजन्य रोग सर्ने भय पनि रहँदैन । त्यसैगरी गर्भनिरोधक चक्की, गर्भनिरोधक खोप पनि प्रयोग गरेर सुरक्षित यौन सम्बन्ध बनाउन सकिन्छ । महिलाको लागि इम्प्लान्ट, कपर टी र पुरुषको लागि स्थायी बन्ध्याकरण जस्ता विकल्प छन्, जसले गर्भ रहने सम्भावना रहँदैन ।

**प्राकृतिक गर्भनिरोधक विधि**

प्राकृतिक गर्भनिरोधक विधि पनि अपनाएर यौन सुख लिन सकिन्छ । यो विधि मासिकस्रावको चक्रलाई आधार बनाएर अपनाउनुपर्ने हुन्छ । चक्की वा अन्य कृत्रिम विधिबाट गर्भनिरोध गर्नु स्वास्थ्यका लागि हानिकारक पनि हुनसक्छ । जबकि प्राकृतिक गर्भनिरोधक प्रभावकारी र दोषरहित हुन्छ । यसको कुनै 'साइड इफेक्ट' रहँदैन । चीनमा भएको एक सोधलाई मान्ने हो भने प्राकृतिक रुपले अपनाइएको गर्भनिरोधक ९७ देखि १०० प्रतिशतसम्म प्रभावकारी हुन्छ । यो पूर्णत: सुरक्षित विधि पनि हो ।

प्राकृतिक गर्भनिरोधकको प्रयोग गर्नु एकदम सजिलो हुन्छ । मासिकश्राव अघिको ओभ्युलेशन पिरियड (महिनावरी शुरु हुनुभन्दा १० औंदेखि १६ औं दिनको बीच) यौन सम्बन्ध बनाउनु हुँदैन । यस दिनबाहेक अरु कुनै पनि दिन यौन सम्बन्ध बनाउन सकिन्छ र अनिच्छित गर्भबाट बच्न सकिन्छ ।

प्राकृतिक गर्भनिरोधकले हाम्रो यौन क्षमता घटाउँदैन, बरु बढाउँछ । अर्थात् हामी यौन जीवनको भरपुर आनन्द लिन सक्छौं । यसको प्रयोगले पार्टनरलाई कुनै दु:ख पनि हुँदैन । केही अध्ययनलाई मान्ने हो भने गर्भनिरोधका लागि प्रयोग गरिने चक्की अत्याधिक मात्रामा प्रयोग गर्दा ब्रेस्ट क्यान्सर हुने सम्भावना रहन्छ । जबकि प्राकृतिक गर्भनिरोधकको प्रयोगले यस किसिमको कुनै खतरा हुँदैन । अर्थात् ब्रेस्ट क्यान्सरको जोखिमबाट बच्न सकिन्छ ।

गर्भनिरोधक गोलीको प्रयोग गर्ने महिलाको यौन क्षमता पनि प्रभावित हुन्छ । उनीहरुमा यौन सम्बन्धप्रति रुचि विस्तारै घट्दै जान्छ । प्राकृतिक गर्भनिरोधकमा भने यस्तो समस्या हुँदैन । अनिच्छित गर्भ रोकथामका लागि चक्कीको प्रयोग गरिरहँदा त्यसले शरीरमा अनेकन समस्या ल्याउँछ । टाउको दुख्ने, अनिद्रा, अरुचि जस्ता समस्या आउन सक्छन् । जबकि प्राकृतिक गर्भनिरोधक प्रयोग गर्दा त्यस्तो समस्या रहँदैन ।

प्राकृतिक गर्भनिरोधकको प्रयोग गर्दा महिलाको शरीरमा हुने हर्मोनल परिवर्तनमा कुनै समस्या हुँदैन । जबकि गर्भनिरोधक चक्कीले मासिकस्रावसमेत प्रभावित हुन्छ ।

# साहित्य

कविता

## कस्तो होला भविष्य ?



✍विधि गोर्खाली
*कक्षा-६, नवोदय शिशु सदन*

कस्तो होला भविष्य
कुन भविष्य कस्तो चाल
आफ्नै बाटोमा
अघि बढ्छ यो संसार

बनाउँछौं नयाँ सपना
पूराना बिर्सन्छौं
केही खुसी, केही गुनासो
सबै बाढ्छौं
परिवर्तनको लहर
अनन्तको चाल
हाम्रो हातमा हुन्छ
आगामी काल

कल्पनाको पंखले
उड्ने छौं टाढा
सम्भावनाको सागरमा
पाइला राख्ने बेला

तारा झर्छन् धर्तीमा
नयाँ जन्म हुन्छ
कुन अनौठो भविष्य
हाम्रो कर्म हुन्छ
कस्तो होला भविष्य रहस्यमय
नयाँ कथा हाम्रो
आफ्नै सृष्टिबाट

मसी र कागजको
अनुग्रहको क्षेत्रमा
एउटा संसार खुल्छ
असिमित ठाउँमा
जब कल्पनाले
उडान भर्छ
शान्त रातमा
शब्दले नै भविष्य बन्छ

## दुई मुक्तक

✍श्रीकृष्ण शर्मा

सधैं पानी झर्छ र त नल जस्तै लाग्छ
यो आँसु पनि खै किन भल जस्तै लाग्छ
जहिले पनि मनको फोहोर बढारेर ल्याउने
आजभोलि आँखा पनि ढल जस्तै लाग्छ ।

भन्छ यतिले बुझेन प्यास अलि चढाउनुपर्छ
पत्थर किन सुन्दैनस् कति कलि चढाउनुपर्छ
सरकार निरीह जनताले न्यायनिसाफ पाउन
भन अँझै कति निर्मला बलि चढाउनुपर्छ ?

कविता

## कवि बन्छु म



✍आयन पुडासैनी
*कक्षा-५, नवोदय शिशु सदन*

म त कवि हुन्छु
म त पढि राख्छु
अघि बढि राख्छु

धेरै धेरै सिक्छु
राम्रा कुरा लेख्छु

ज्ञान पनि छर्नेछु
मत कवि बन्नेछु

धेरै ज्ञानी बन्नुछ
राम्रो काम गर्नुछ

राम्रो कुरा सिक्नेछु
मतअघि बढ्नेछ

कृति धेरै रच्छु
म त कवि बन्छु

सबतिर पुग्छु
मतकवि बन्छु

मत सानो विद्यार्थी
धेरै धेरै पढ्नुछ

साथी मेरो असल
गुरु विज्ञान विशाल

मत कवि बन्नेछु
नयाँ कृति रच्नेछु

## गजल

✍चिरञ्जीवी दाहाल

भोकमरीमा छिमेकीले अन्न दिन्न भन्छ
महाकाली बगर हाम्रो भन्न दिन्न भन्छ

पालैपालो बोलाएर पठाउँछ कान फुकी
स्थायी सरकार मरेपनि बन्न दिन्न भन्छ

डुबाइ दिन्छ बर्खायाममा बाँध थुनेर बेसी
पानी फाल्ने निकास पनि खन्न दिन्न भन्छ

बहर बाच्छा जस्तै दाउँछ नोकर बनाएर
काममा जोताएर ज्याला टन्न दिन्न भन्छ

जाती धर्म साक्षरता गणनाको कार्य गर्दा
बाटो छेक्छ जनसंख्या गन्न दिन्न भन्छ

कविता

## धान दिवस



✍विमर्श श्रेष्ठ
*कक्षा-१०, नवोदय शिशु सदन*

माना रोपी मुरी उब्जाउने दिन आयो
मिहिनेती किसानको मन रमायो
बाझो खेतमा हरियाली छायो,
धान दिवसको उत्सवले मात्र खायो

धान नाचको तालमा मस्ती,
माटोको गन्धमा खुसी भक्ति
गाउँलेहरु नाच्न थाले,
खेतबारी सबैतिर चार्न थाले

दही चिउराको स्वाद मिठो,
सँगै बसेर चलाए कोदालो
रिसराग सब बिर्सेर,
मिलेरकाम गर्ने कम्मर कसेर

असार पन्ध्र राष्ट्रिय धान दिवस
खेतको काममा मस्त किसान,
श्रमको मूल्य छैन यहाँ
खुसीको उत्सव धान दिवस यहाँ ।

## गजल

✍कोमल भट्ट

नछर्दै उज्यालो विहानी गयो
सयौं कष्ट झेल्दै जवानी गयो

भयो देख्न गाह्रो खुसीको पला
चल्यो घोर आँधी सिरानी गयो

सबै ध्वस्त भो चाहना जे थियो
खरानी हुँदै त्यो निसानी गयो

व्यथाले सताए सदासर्वदा
खुसी बाँडने घामपानी गयो

भए दूर आफन्त, साथी सँगी
सधैं लाग्छ आँखा र नानी गयो

बगे स्वप्न सारा लग्यो बाढले
अविश्वास बाँच्यो जमानी गयो


फुटेको छ छाती कडा चोटले
न वा देहको राजधानी गयो ?

मरेको छु रोजै यहाँ दर्दले
कसोरी भनौं जिन्दगानी गयो

# चित्रकला



आइसा श्रेष्ठ
कक्षा-६, रस्सल एकेडेमी



दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# कम्तीमा ४८ जना त्रिशूली नदीमा बेपत्ता

काठमाडौं/नारायणगढ-मुग्लिन सडक खण्डको सिमलतालमा पहिरोले दुई वटा बस बगाएर त्रिशूली नदीमा पुऱ्याएको छ । तर घटना भएको २० घन्टा भइसक्दा न बस भेटिएको छ, न त्यसमा सवार कम्तीमा ४८ यात्रुको उद्दार हुन सकेको छ ।

भरतपुर महानगर पालिका-२९ सिमलतालमा शुक्रबार बिहान करिब ३ बजे लेदोसहितको पहिरोले गयो । वीरगञ्जबाट काठमाडौंतर्फ आउँदै गरेको बागमती प्रदेश-०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स बस र काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश-०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स बसलाई लेदो सहितको पहिरोले बगाएर त्रिशूली नदीमा हुल्यो ।



बस व्यवसायी कम्पनीमा दर्ता भएको यात्रु टिकट चलानी अभिलेखअनुसार गणपति डिलक्स बसमा २७ जना र एन्जल डिलक्स बसमा २४ जना यात्रु सवार थिए । तर बीचमा कति यात्रु ओर्लिए या चढे भन्नेबारे अझै यकिन भइसकेको छैन ।

बसमा रहेका तीन जना नदीमा पौडिएर बाच्न सफल भए । उनीहरूले दिएको सूचनाका आधारमा बिहानैदेखि सुरक्षाकर्मीहरूको टोलीले उद्दार कार्य थालेका थिए । साँझसम्म पनि केही पत्ता लगेन । सशस्त्र प्रहरी बलका प्रवक्ता डीआईजी कुमार न्यौपानेका अनुसार साँझ करिब ६ बजे उद्दार कार्य स्थगित भयो ।

उद्धार टोलीले अब भोलि बिहानबाट ८ बजेपछि मात्रै खोजी कार्य सुरु गर्ने छ । 'नदीमा पानीको बहाव घटेको छैन । रातिको समयमा जोखिम पनि हुने भयो', डीआईजी न्यौपानेले भने, 'घटनास्थलबाट ३-४ किलोमिटर वरपरसम्म खोज्दा पनि भेटिएन । त्यहाँ खटिएका सबै उद्धार टोली फर्किइसकेका छन् ।'

निरन्तरको वर्षा र ठाउँठाउँमा खसेको पहिरोले बेपत्ता बस र यात्रु खोज्न हिँडेका गोताखोर सहितको सुरक्षाकर्मीलाई पनि घटनास्थल पुग्नै हम्मेहम्मे परेको थियो । न्यौपानेका अनुसार त्रिशूलीमा हराएका बस खोज्न सशस्त्रका ४ वटा, नेपाल प्रहरीको एउटा गरी ५ मोटरबोट, गोताखोर टोली लगायत प्रयोग गरिएको थियो । हराएको बस खोज्न रड, चुम्बक पनि प्रयोग गरिएको थियो । तर साँझसम्म बसको पर्दा जस्तो देखिने कपडा बाहेक केही भेटिएको छैन ।

नारायणगढ-मुग्लिन सडक खण्डमा दुर्घटना भएर त्रिशूलीमा बस खसेको यो पहिलो पटक होइन, यसअघि पनि पटकपटक त्रिशूली किनारमै धेरै दुर्घटना भइरहन्छन् । सशस्त्रका १२ जना गोताखोरसहित ७० जना, नेपाली सेनामा ५ जनासहित ७४ वटा नेपाली सेना, नेपाल प्रहरी लगायतको ठूलो टोली बिहानैबाट त्रिशूलीमा बेपत्ता बस खोजी कार्यमा लागे पनि फेला पर्न सकेन ।

०७२ असोज ९ गते मा पनि तत्कालीन खिलराज रेग्मी सरकारको पालामा गृह मन्त्रालय सम्हालेका पूर्वमुख्यसचिव माधवप्रसाद घिमिरे सवार कार पनि सोही सडकखण्डकै घोप्टेभीरमा दुर्घटना भएको थियो । उनी सवार कार त्रिशूलीमा खस्दा ३ जनाको मृत्यु भएको थियो । उनको अवस्था हालसम्म अज्ञात छ ।

सुरक्षा निकायका उद्धार टोलीका सदस्यहरू भने विपद् उद्धारमा स्रोत र साधनको कमी नभएको दाबी गर्छन् । उद्धारमा संलग्न सदस्यका अनुसार दुर्घटना भएकै ठाउँमा बढी गहिरो र तेज बहाव भएकाले पनि समस्या भएको हो ।

शसस्त्र प्रहरीका प्रवक्ता न्यौपानेका अनुसार शुक्रबार चितवन त्रिशूलीमा भएको घटना उद्धार ढिलाइ हुनुको प्रमुख कारण नै वर्षात् र नदीको उच्च बहाव हो ।

आफूहरूसँग उद्धारका लागि आफूहरूसँग पर्याप्त स्रोत र साधन भए पनि निरन्तर वर्षा र नदीको बहाव नघट्दा समस्या भएको हो । 'हामीसँग तालिमप्राप्त गोताखोर, मोटरबोटदेखि सबै पर्याप्त स्रोत र साधन छन् । सबैको उच्चतम् प्रयोग गरेरै खोजिएको हो', न्यौपाने भन्छन्, 'आजचाहिँ पानी धमिलो र निरन्तर वर्षाले गर्दा केही अवरोध भएको हो । अरु समस्या होइन ।'

विपद् व्यवस्थापन तालिम शिक्षालय, कुरिन्टारका एसपी जनक पुरी पनि यसअघि पनि उच्च बहाव र धमिलो पानी भएका ठाउँमा आफूहरूले सफलता हासिल गर्दै आएको बताउँछन् । 'योभन्दा ठूला र गहिरा नदीमा पनि हामीसँग भएका इक्वेप्मेन्टले सफलता पाएका हौं', उनले भने, 'तर, आज बहाव धेरै थियो । गोताखोरले प्रयोग भएका डोरी पनि धमिलो पानीमा कतिबेला ढुंगाले काट्छ भन्ने रिस्क पनि हुन्छ । त्यही भएर रोकिनुपऱ्यो ।'

एसपीका पुरीका अनुसार नेपाली गोताखोरले प्रयोग गर्ने डोरीले १० टनसम्मको बहाव धान्ने क्षमता राख्दछन् । भन्छन्, 'विश्वव्यापी रुपमा प्रयोग हुने मोप त्यही हो । त्यसबाहेक हामीसँग इक्वेप्मेन्ट भएन, जनशक्ति भएन भन्नेचाहिँ होइन ।'

**असुरक्षित छन् सडक पनि**

विदेशी दातृ निकायको सहयोगमा अर्बौं रुपैयाँ लगानीमा सडक बनाउने तर, सडक सुरक्षामा ध्यान नदिँदा नेपालले ठूलो क्षति व्यहोर्दै आइरहेको छ । नारायणगढ-मुग्लिन सडकखण्ड त्यसैको एउटा उदाहरण हो । जुन सडकका कारण पूर्वपश्चिमबाट आउने यात्रु तथा मालबाहक सवारी साधनले क्षति र हैरानी खेप्नु परिरहेको छ ।

विश्व बैंक (एडीबी)को करिब ३ अर्ब रुपैयाँ सहयोगमा बनेको यो सडकखण्डमा सामान्य वर्षातको बेलामा मात्रै होइन, सुख्खा पहिरोले पनि पटकपटक सडक अवरुद्ध हुँदै आएको छ । ५ वर्षअघि डेडिकेटेड २ लेनमा विस्तार गरेसँगै बर्सेनि ठाउँठाउँमा पहिरो जान रोकिएको छैन । पहिरो रोक्नै करोडौं खर्च भएको छ तर, उपलब्धी भने शून्यजस्तै छ ।

यो सडकखण्डमा बर्सेनि ज्यानै जाने गरी दर्जनौं दुर्घटना भइर हन्छन्, तर सरोकारवाला निकायको अझै चेत खुलेको छैन । यो सडकखण्डमा सडक सुरक्षाका विधि पनि अपनाइएका छैनन् । पटकपटक पहिरो झर्ने ठाउँमासमेत कुनै चेतावनी संकेत देखिँदैन ।

सिमलतालमा दुर्घटना भएपछिमात्रै गृहमन्त्रालयले पहिरो जाने तथा डुबान हुन सक्ने सम्भावित र जोखिमयुक्त ठाउँमा जोखिमका संकेत राख्ने निर्णय गरेको छ । सम्भावित जोखिमयुक्त ती ठाउँमा सडक विभाग र ट्राफिक प्रहरीले संकेत राख्नेछन् ।

सडक डिभिजन, भरतपुरका अनुसार मुग्लिन-नारायणगढ सडक खण्डमा यो सडक खण्डभएर दैनिक १२ हजार सवारी साधन गुड्ने बताउँछन् । पहिरो खसेर बाटो पूर्ण रुपमा बन्द भएको यो वर्षमा मात्रै चौंथो पटक हो ।

विकास खोज्ने तर, वैज्ञानिक अध्ययनबिना नै पूर्वाधार निर्माण गर्दा क्षति व्यहोर्नुपरिरहेको विज्ञहरूको मत छ । सडक सुरक्षाविद् पदमबहादुर शाही सडक पूर्वाधार निर्माणमा पर्याप्त अध्ययन नै नभएको बताउँछन् । 'धेरै ठाउँमा माथिबाट खसेको पहिरोले सडक सुरक्षालाई असर पारिरहेको देखिन्छ । यसका लागि ठूलो अध्ययन अनुसन्धानको आवश्यकता छ', उनी भन्छन् ।

सडक विभागका पूर्वमहानिर्देशक शिव नेपाल पछिल्लो समय तीनै तहका सरकारबीच विकासका नाममा नयाँ सडक बनाउने प्रतिस्पर्धा चल्दा विपत्ति भोग्नु परिरहेको बताउँछन् । भएका सडक स्तरोन्नति र मर्मतमा लगानीभन्दा नयाँ बाटो बनाउनेमा तीनै तहको सरकारको ध्यान बढी केन्द्रित रहेको सुनाउँछन् ।

नारायणगढ-मुग्लिन सडकमा पहिरो सम्भावित ३६ सम्भावित ठाउँका धरातल स्थीर हुने गरी योजना सुरु गरे पनि पछि निरन्तरता नपाएको नेपाल बताउँछन् । 'केही समय काम पनि भएको थियो । तर, पछि रोकियो, अहिले धेरै पहिरो नयाँ ठाउँमा सिर्जना भएको देखिन्छ', उनले भने, 'त्यसलाई पुन: अध्ययन गरेर योजनालाई अगाडि बढाउनुपर्छ ।'

नारायणगढ-मुग्लिन सडक खण्ड र वीपी राजमार्गमा सम्भावित घटनाबारे जानकारी दिन ७० सालतिरै डिजिटल सूचना बोर्ड राखिएको पनि नेपालले बताए । 'जापानिजले बनाइदिएको उक्त प्रविधि उनीहरू गएसँगै बन्द हुन पुग्यो । मर्मत गर्न न लगानी गर्न सक्यौं, न जनशक्ति नै भए', उनले भने, 'त्यो प्रविधि अहिले चल्छ कि चल्दैन थाहा छैन ।'

**रात्रिकालीन सवारीमा रोक**

वर्षात्ले दुर्घटना बढ्न थालेपछि मुग्लिन-नारायणगढ सडक खण्डसहित 'रेड एड्भाइजरी' (उच्च जोखिमको सूचना) जारी भएका दिन तोकिएका जिल्लाहरूमा रात्रिकालीन सवारी चलाउन नपाइने सरकारले निर्णय गरेको छ ।

शुक्रबार गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखामा बसेको बैठकले उक्त निर्णय गरेको हो । यसको कार्यतालिका यातायात व्यवस्था विभाग र यातायात व्यवसायीहरूले मिलाउने गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख डा. भीष्मकुमार भूसाल बताउँछन् ।

तर, सडक सुरक्षा व्यवस्थापनमा ध्यान दिनुको साटो सरकारले रात्रिकालीन गाडी चलाउनै रोक्ने नीति लिएपछि सरोकारवालाले भने असन्तुष्टि पोखेका छन् । यातायात व्यवसायी, सरक्षाकर्मी भने रात्रिकालीन बस सञ्चालनमा रोक लगाउनुमात्रै समस्याको समाधान नहुने बरु सडक सुरक्षामा ध्यान दिन सुझाएका छन् ।

'सेवा रोकिँदा घाटा पूर्ति कसले गरिदिने ? कुनैकुनै ठाउँमा परिस्थितिवश बन्द गर्नुपर्ने त होला ! तर, ठप्पै पार्ने गर्नुहुँदैन', नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला भन्छन् ।

नेपाल प्रहरीका पूर्वएआईजी विज्ञानराज शर्मा पनि बर्खायामभरिकै लागि भनेर रात्रिकालीन बस सञ्चालनमा रोक लगाउनु उचित नहुने बताउँछन् । सुरक्षाको हिसाबले केही दिन वा समय रोक लगाउनु ठिकै भए पनि लामो समयसम्मका लागि सेवा नै रोक्नु उचित नहुने उनको तर्क छ ।

'मोन्छेको मुभमेन्ट नै रोक्ने, तँ हिँड्न पाउँदैनस् भनेर राज्यले भन्न मिल्दैन । बाढी पहिरोका कारण तत्कालका लागि २/४ घण्टा वा एक/दुई दिन रोक्न कुनै निर्णय पनि गर्नु पर्दैन', पूर्वएआईजी शर्माले भने, 'तर सधैंका लागि रोक्नु जायज होइन ।'

*(स्रोत: अनलाइनखबर)*

# 'घरज्वाइँ'को सुखद् सुरुवात, मिरुना भन्छिन्, 'दर्शक भेट्दा उर्जा मिल्छ'

काठमाडौं/शुक्रबारबाट प्रदर्शनमा आएको अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर अभिनीत फिल्म 'घरज्वाइँ'को अगाडि ठूलो चुनौती थियो । एकातिर ठूला विदेशी फिल्महरुसँग प्रतिस्पर्धा र अर्कोतिर निरन्तरको वर्षातले व्यापार कस्तो हुने हो भन्ने अन्योलता छाएको थियो । यसका बावजूद फिल्मले बक्स अफिसमा सुखद् सुरुवात गरेको छ । पहिलो दिन फिल्मले देशभर राम्रो दर्शक पाएको छ ।



फिल्मको बिहानी शो औसत रह्यो । एकाध हलमा भने अकुपेन्सी राम्रै देखिन्थ्यो । खासगरी फिल्मले दिउँसोबाट गति समातेको छ । काठमाडौंसहित मोफसलका ठूला स्टेशनहरुमा फिल्मले दिउँसो समग्रमा ५० प्रतिशत अकुपेन्सी कायम गर्दा साँझ ५ बजेपछि यो अनुपातमा थप वृद्धि भएको छ । वर्षात र ठूला विदेशी फिल्मको चुनौतीका बीच फिल्मलाई प्राप्त अकुपेन्सी सुखद् मान्न सकिन्छ ।

फिल्मका वितरक रोहित कट्टेलले आफ्नो फेसबुकमा काठमाडौंसहित बुटवल, दमक, नेपालगञ्ज, पोखरा जस्ता सहरमा हाउसफुल भएको स्क्रिनसटहरु पोस्ट गरेका छन् । धरान र दाङमा पनि फिल्मले दिउँसोबाट राम्रो दर्शक पाएको जनाइएको छ । शुक्रबारको व्यापारलाई मध्यनजर गर्दै केही हलहरुले शोजमा वृद्धि समेत गरेका छन् । शनिबार व्यापार थप बढ्ने निर्माण टिमको विश्वास छ ।

शुक्रबार दिउँसो मिरुना सहित कलाकार शिशिर वाङ्देल र निर्देशक अनिल मगरले काठमाडौंका केही हाउसफुल हलहरुमा पुगेर दर्शकसँग साक्षात्कार गरेका थिए । जहाँ मिरुना र शिशिरसँग तस्वीर खिच्न दर्शकहरुबीच हानाथाप चलेको थियो । दर्शकले दिएको उत्साहजनक साथ र प्रतिक्रियाले आफूलाई उर्जा मिलेको मिरुनाले बताइन् । फिल्मले हलमा लामो यात्रा गर्नेमा उनी विश्वस्त छिन् ।

'हरेकपल्ट दर्शकलाई भेट्दा बेग्लै उर्जा मिलेको महसुस हुन्छ । मौसमका कारण मनमा के-के कुरा खेलिरहेको थियो । तर, हलमा दर्शकको उपस्थिति देखेर आनन्द महसुस भएको छ । हामीलाई उर्जा मिलेको छ,' उनले भनिन्, 'अहिले बिहेको सिजन छ । वर्षा पनि भैरहेको छ । यसका बावजूद हलमा आएर फिल्म हेरि दिनुभएको छ । आगामी दिनमा पनि साथ मिल्नेछ भन्नेमा विश्वस्त छु ।'

'घरज्वाइँ' हेर्न हलमा हरेक उमेरका दर्शकहरुको उपस्थिति देखिएको छ । त्यसमा पनि विशेषगरी आदिवासी जनजाति समुदायहरु बढी देखिन्छन् । यसको पछाडि दुईवटा कारण छ । एउटा, फिल्मले मगर समुदायमा प्रचलित घरज्वाइँ संस्कृतिको कथा उठाएको छ । त्यसले गर्दा स्वभाविक रुपमा यो समुदाय आकर्षित हुन्छ । दोस्रो, दयाहाङ र मिरुनाको जोडी पनि एउटा कारण हुनसक्छ ।

# 'ईश्वर'को गीतमा रोमान्टिक देखिए ध्रुव र कृष्टि

काठमाडौं/आगामी साउन ११ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'ईश्वर'को दोस्रो गीत 'पूरा भयो सपना' सार्वजनिक गरिएको छ । रवि ओड र बेनिशा पौडेलको स्वर रहेको गीतमा राजेन्द्र बजगाईंको संगीत तथा भीष्मराज फूलाराको शब्द छ । गीतमा फिल्मका मुख्य अभिनेता ध्रुव थापा र अभिनेत्री कृष्टि गुरुङ प्रस्तुत छन् । गीतले उनीहरुको एकअर्काप्रति प्रेम र समर्पणको भाव व्यक्त गर्छ ।



राजु गिरीको निर्देशनमा तयार भएको फिल्ममा ध्रुव र कृष्टिसहित सुनिल थापा, शिशिर वाङ्देल, माओत्से गुरुङ, अनु शाह, रविन्द्र झा, बुद्धि तामाङ, पृथ्वीराज प्रसाईं आदिले पनि अभिनय गरेका छन् । दिव्या कंगना फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता हरिबहादुर थापा हुन् । लक्ष्मी कुँवर थापाको प्रस्तुतिमा बनेको फिल्मले अन्तरजातीय प्रेममा आउने अवरोधको कथा भन्छ ।

निर्देशक गिरी स्वयंको कथा र भोजराज देवकोटाको पटकथा तथा संवाद लेखन रहेको फिल्ममा रामेश्वर हुँमागाईको छायांकन, देव महर्जनको द्वन्द्व निर्देशन, कविराज गहतराज, देवेन्द्र पाण्डे र सुरेश पाण्डेको कोरियोग्राफी तथा अर्जुन पोखरेल, राजेन्द्र बजगाई र बीपी वाग्लेको संगीत छ । आर आर फिल्मसले वितरण गर्न लागेको 'ईश्वर'बाट अनु शाहले करिब ५ वर्षपछि कमब्याक गरेकी हुन् ।

# अधिक तरलता दबाब झेल्दै बैंक, नाफा १६ प्रतिशत खुम्चियो

काठमाडौं/चालु आर्थिक वर्ष २०८०/८१ को ११ महिनामा बैंक तथा वित्तीय संस्थाहरूको नाफा घटेको छ । नेपाल राष्ट्र बैंक बैंक तथा वित्तीय संस्था नियमन विभागले प्रकाशित गरेको चालु आवको जेठ मसान्तको तथ्यांकले नाफा घटेको देखाएको हो । चालु आर्थिक वर्षको जेठसम्म बैंक तथा वित्तीय संस्थाहरूले ६१ अर्ब ९६ करोड रुपैयाँ मुनाफा आर्जन गरेका छन् । जुन गत आर्थिक वर्षको अवधिको तुलनामा १६.०५ प्रतिशतले कम हो ।

गत आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा बैंक तथा वित्तीय संस्थाको कुल नाफा ७३ अर्ब ८१ करोड थियो । अधिक तरलतको दबाबमा रहेका बैंकहरूले स्रोत लागत घटाउन ब्याजदर घटाएका छन् । अधिक तरलता बढ्दै गएर ३ प्रतिशत ब्याजदरमा राष्ट्र बैंकमा पैसा राख्नुपर्दा बैंकहरूको ब्याज धेरै बढ्न सकेन । तर ब्याज खर्च बढ्दा ब्याज आम्दानी र खर्चबीचको अन्तर नै घटेको छ ।

बैंकहरूले ११ महिनामा ६ खर्ब १८ अर्ब ४६ करोड कुल ब्याज आम्दानी गरेका छन् । गत आवको सोही अवधिमा यस्तो आम्दानी ५ खर्ब ९९ अर्ब ९७ करोड रहेकोमा ३.०८ प्रतिशतले बढेको हो । चालु आवको ११ महिनामा बैंकहरूको कुल ब्याज खर्च ४ खर्ब १९ अर्ब ८० करोड रहेको छ । जुन गत आर्थिक वर्षमा ४ खर्ब ६७ करोड रहेकोमा चालु आवमा ४.७७ प्रतिशतले बढी हो ।

ब्याज आम्दानीको तुलनामा बैंकहरूको ब्याज खर्च बढेको देखिन्छ । जसले गर्दा गत आर्थिक वर्षमा ब्याज आम्दानी र खर्चबीचको अन्तर १ खर्ब ९९ अर्ब ३० करोड थियो । जुन चालु आवमा १ खर्ब ९९ अर्ब ६६ करोडमा सीमित भएको छ । मूल्य आम्दानी स्रोतमा भएको संकुचन, कर्मचारी र कार्यालय सञ्चालन खर्चका साथै कर्जा नोक्सानी व्यवस्था रकममा भएको वृद्धिले गर्दा बैंक तथा वित्तीय संस्थाको नाफा घटेको छ ।

गत आवको ११ महिनामा कर्जा नोक्सानी व्यवस्थाका लागि ५३ अर्ब ७८ करोड मात्रै रहेकोमा चालु आवमा ७७ अर्ब ९० करोड पुगेको छ । यस्तै कर्मचारी खर्च ४९ अर्ब ८० करोडबाट बढेर ५६ अर्ब ७० करोड पुगेको छ । राष्ट्र बैंकको तथ्यांक अनुसार जेठ मसान्तमा ४ खर्ब ३६ अर्ब ४१ करोड चुक्ता पूँजी सहित कुल पूँजीकोष ७ खर्ब १६ अर्ब ६७ करोड छ । उक्त लगानीको आधारमा बैंकहरूले कमाएको नाफा प्रतिफलको हिसाबले ब्याजदर बराबर मात्रै हुन आउँछ ।

वाणिज्य बैंकहरूको नाफा नै १६.०४ प्रतिशतले घटेको छ । चालु आर्थिक वर्षको जेठ मसान्तसम्म सञ्चालनमा रहेका २० वाणिज्य बैंकहरूले ५६ अर्ब ४५ करोड मुनाफा आर्जन गरेका छन् । गत आवको सोही अवधिमा बैंकहरूको नाफा ६७ अर्ब २३ करोड थियो । कर्जा नोक्सानी व्यवस्थाको रकम बढेको, कर्मचारी खर्च बढेको तर खुद ब्याज आम्दानी बढ्न नसक्दा बैंकहरूको नाफा प्रभावित भएको छ ।

सञ्चालनमा रहेका २० मध्ये ५ वटा मात्रै बैंकको नाफा बढेको छ । सेन्चुरी बैंकलाई गाभेको प्रभु बैंकको एकीकृत वित्तीय विवरणका कारण नाफा बढेको देखिएको छ । गत आवको जेठसम्म १ अर्ब ५६ करोड नाफा कमाएको कृषि विकास बैंकको नाफा चालु आवको सोही अवधिमा ९३.४२ प्रतिशतले बढेर ३ अर्ब २ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ ।

त्यस्तै प्राइम बैंकको नाफा १०.५३ प्रतिशतले बढेर ३ अर्ब ५५ करोड र एभरेस्ट बैंकको नाफा ८.०५ प्रतिशतले बढेर ३ अर्ब ३१ करोड पुगेको छ । मर्जर पछिको एकीकृत वित्तीय विवरणमा प्रभु बैंकको नाफा ४.८० प्रतिशतले बढेर ३ अर्ब ३ करोड पुगेको हो । सिटिजन्स बैंकको नाफा ४.५४ प्रतिशतले बढेर १ अर्ब ७६ करोड र सिद्धार्थ बैंकको नाफा १.९९ प्रतिशतले बढेर २ अर्ब २७ करोड पुगेको छ । यस अवधिमा सबैभन्दा धेरै नाफा नेपाल बैंकको ६५.०१ प्रतिशतले घटेर १ अर्ब ८ करोडमा झरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# त्रिविको शैक्षिक क्यालेन्डर स्वीकृत, परीक्षा भएको ९० दिनमा नतिजा



काठमाडौं/त्रिभुवन विश्वविद्यालयको शैक्षिक क्यालेन्डर त्रिवि प्राज्ञिक परिषद् स्थायी समितिले स्वीकृत गरेको छ । त्रिविको शैक्षिक क्यालेन्डर अनुसार परीक्षा भएको ९० दिनभित्र नतिजा सार्वजनिक हुने भएको छ ।

मंसिर २०८१ बाट पढाइ सुरू हुने र अन्तिम सेमेष्टरको नतिजा कार्तिक २०८५ तेस्रो हप्ताभित्र नतिजा सार्वजनिक हुने भएको छ । क्यालेन्डर अनुसार प्रथम सेमेष्टरको भर्ना आवेदन साउन दोस्रो हप्तादेखि भदौ दोस्रो हप्ता हुनेसम्म हुनेछ ।

भर्ना प्रवेश परीक्षा भदौ तेस्रो हप्ता र भर्ना असोज र कात्तिकमा हुनेछ । मंसिर पहिलो हप्तादेखि सुरू हुने कक्षा प्रथम सेमेष्टरको परीक्षा माघको चौथो हप्ता र नतिजा वैशाखमा प्रकाशन हुनेछ । जेठ २०८२ को दोस्रो हप्तादेखि पढाइ सुरू हुने दोस्रो सेमेष्टरको परीक्षा साउन तेस्रो हप्ता र नतिजा कार्तिक पहिलो हप्तामा हुनेछ ।

मंसिर २०८२ को पहिलो हप्तादेखि पढाइ सुरू हुने तेस्रो समेष्टरको परीक्षा माघ तेस्रो हप्तामा र नतिजा चैतको चौथो हप्तामा, वैशाख २०८३ को दोस्रो हप्तामा पढाइ सुरू हुने चौथो समेष्टरको परीक्षा माघ पहिलो हप्ता र नतिजा वैशाख २०८४ को पहिलो हप्ता हुनेछ । त्यस्तै जेठ २०८४ को तेस्रो हप्तादेखि पढाइ हुने पाँचौ सेमेष्टरको भदौ तेस्रो हप्ता र नतिजा कार्तिक चौथो हप्तामा, मंसिर दोस्रो हप्तादेखि पढाइ सुरू हुने छैटौं सेमेष्टरको परीक्षा फागुन दोस्रो हप्तामा, नतिजा २०८५ वैशाखको तेस्रो हप्तामा सार्वजनिक हुने र २०८५ जेठको दोस्रो हप्ताबाट पढाइ सुरू हुने अन्तिम सेमेष्टरको परीक्षा भदौ तेस्रो हप्ता र कार्तिक तेस्रो हप्तामा नतिजा सार्वजनिक हुनेछ ।

त्यस्तै स्नातकोत्तर तहको मंसिरमा भर्ना आवेदन, पुसमा भर्ना प्रवेश परीक्षा तथा भर्ना हुनेछ । माघको पहिलो हप्तामा पढाइ सुरू भएको स्नातकोत्तर तहको नतिजा २०८२ को असोज तेस्रो हप्ताभित्र नतिजा सार्वजनिक हुनेछ ।

वार्षिक तर्फको स्नातक तहको पहिलो वर्षको भर्ना साउन २०८१ को दोस्रो हप्तादेखि भदौको तेस्रो हप्तासम्म हुनेछ । भदौ चौथो हप्तादेखि पढाइ सुरू भएका विद्यार्थीको नतिजा असोज २०८५ को दोस्रो हप्ताभित्र सार्वजनिक हुनेछ ।

# 'माइली'मा कुसुमको प्रवेश, तर 'सञ्जीवनी' अन्योल

काठमाडौं/एक वर्षअघि सार्वजनिक भएको लोकगायक प्रकाश सपूतको 'सकम्बरी' गीतले मोडल कुशुम शर्मालाई चर्चाको शिखरमा पुऱ्यायो । अहिले उनको उपनाम नै 'सकम्बरी' बनेको छ । यो बीचमा दर्जनौं म्यूजिक भिडियोमा काम गरेकी उनी अब फिल्मतिर ढल्किएकी छन् । उनले गत बैशाखमा 'वर एन्ड वधु'बाट फिल्ममा डेब्यु गरिसकेकी छन् । तर, यसमा उनी सहायक अभिनेत्रीको रुपमा छिन् ।




उनले सम्झौता गरेको पहिलो फिल्म भने 'सञ्जीवनी' थियो । यसमा उनको जोडी अभिनेता आर्यन सिग्देलसँग बाँधिँदै थियो । तर, यो फिल्मको घोषणा भएको एक वर्ष वितिसक्दा पनि निर्माण हुने कुनै छाँटकाँट देखिएको छैन । यसैको पखाईमा करिब एक वर्ष कुनै फिल्म नगरेकी उनी अब अफर लत्याउने पक्षमा छैनन् । 'वर एन्ड वधु'पछि कुशुमले अब फिल्म 'माइली'मा काम गर्ने भएकी छन् ।

उनीसँग यसै साता निर्माण पक्षले कागजी सम्झौता गरेको हो । उनी भित्रिएसँगै फिल्मका लागि कलाकारको 'लाइनअप' पूरा भएको निर्देशक बाबुसाहेब बलामीले जानकारी दिए । यसअघि फिल्ममा करिश्मा मानन्धर, प्रियंका कार्की, लोकगायिका कमला घिमिरे, सुष्मा लामा, अंशु महर्जन अनुबन्ध भइसक्केका छन् । शीर्षक र कलाकारको 'लाइनअप'ले फिल्म महिलाप्रधान रहेको प्रष्ट बुझिन्छ ।

निर्देशक बलामीले सत्य घटनामा आधारित भएर फिल्म बन्न लागेको बताए । फिल्ममा महिलाको पीडा र संघर्षलाई देखाइने उनको भनाई छ । फिल्ममा शंकर अधिकारी 'घायल'को गीत, पटकथा तथा संवाद लेखन तथा राजेन्द्र बजगाईंको गीतमा संगीत रहेको छ । साउनभित्र छायांकन सुरु गर्न लागिएको फिल्मलाई मकवानपुरको वीरखर्ग, कुलेखानी, काठमाडौं तथा दुबईमा छायांकन गरिँदै ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हिमालयन राइडर्सको कोरा राइड आज

साझाकुरा संवाददाता



हेटौंडा, २८ असार/ हिमालयन राइडर्स सोसाइटी मकवानपुरले आज शनिबार हेटौंडाका २० वटा मठमन्दिरको परिक्रमा गर्दै कोरा साइकल च्यालेन्ज गर्दैछ ।

कोरा अन्तराष्ट्रिय दिवस हो । करिव ३ वर्ष अघि हेटौंडामा स्थापना भएको हिमालयन राइडर्स सोसाइटी मकवानपुरले शनिवार कोरा च्यालेन्ज आयोजना गर्न लागेको हो । सोसाइटीले यो तेस्रो संस्करणको रुपमा कोरा च्यालेन्ज गर्न लागेको छ । भुटनदेबी मन्दिरबाट सुरु हुने धार्मिक साइकलयात्रा करिब २१ किमिको हुनेछ । यसका लागि प्रतिब्यक्ति एकसय ५० रुपैयाँ शुल्क लिइएको छ । २ सय भन्दा बढीले कोरामा भाग लिन आबेदन फर्म भरिसकेका छन् ।

विहान ६ बजे भुटनदेबी मन्दिरमा जम्मा हुने, ७ बजे च्याली सुरु गर्ने तयारी भएको संस्थाका अध्यक्ष रामकुमार श्रेष्ठले बताए । भुटनदेबी मन्दिरबाट कर्रा हुँदै गुम्बाचोक, सिमेन्टरोड, कुष्माण्ड सरोबर त्रिबेणीधाम, गोरक्षश्वर, राप्तीरोड हुँदै बुद्धचोक, हनुमान मन्दिर, चौकीटोल ओरालो, लोकप्रियचोकबाट ओमशान्ति, जलेश्वर, बनश्खण्डी, मुक्तिनाथ, बुढानीलकण्ठ, दक्षिणकाली, रुद्रेश्वर, माछाप्लान हुँदै क्याम्पा रंगशाला, गर्दोई लक्ष्मीनारायण मन्दिर चिसापानी, भैरवरोड, चिल्ड्रेनपार्क रोडबाट पशुपतिनाथ मन्दिर हुँदै हुप्राचौरमा समापन गरिने छ । कार्यक्रममा लक्की ड्र गरेर भाग्यशाली २५ जना जतिले बिभिन्न खालका आकर्षक पुरस्कार पाउनेछन् ।

जेष्ठ महिला र पुरुष, कनिष्ठ उमेर समूहका महिला पुरुष पुरस्कृत गरिने आयोजक संस्थाले जनाएको छ । यो वर्षको कोरा राइडमा सहभागी हुनका लागि ललितपुर, कीर्तिपुर, काठमाडौं, सिमरा, सैनामैना, बुटवलबाट पनि साइकलप्रेमी सहभागी हुनेछन् । हालसम्म नाम दर्ता गर्ने जेष्ठ सदस्य ८४ वर्षीय नागरिक पनि छन् । ललितपुरबाट १५ जना भन्दा बढी महिला साइकलयात्रीको सहभागिता रहेन छ ।

हिमालयन राइडर्स सोसाइटीको आयोजनामा हुन लागेको यो तेस्रो संस्करण हो । कोराको तयारी अन्तिम चरणमा पुगेको सोसाइटीका अध्यक्ष श्रेष्ठले जानकारी दिएका छन् । संसारभर जुलाईको तेस्रो शनिबारका दिन आयोजना हुने कोरा च्यालेन्ज हेटौंडामा आयोजना गर्न लागेको हो । बिशेषगरी धार्मिक क्षेत्रको पर्यटकीय सम्भावनाको उजागर गर्ने उद्देश्यले आयोजना गरिने कोरा च्यालेन्ज शनिबार बिहान करिब २० वटा मन्दिर परिक्रमा गरिँदैछ ।कोरा च्यालेन्जमा सहभागी हुने सबै साइकलयात्रीलाई टिसर्ट, प्रमाणपत्र प्रदान गरिने छ ।

# विपद्मा परी हालसम्म १०३ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायत विपद्मा परी शुक्रबार दिउँसोसम्म १ सय ३ जनाको मृत्यु भएको छ ।

बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा १ जना, कोशी प्रदेशमा १९ जना, मधेश प्रदेशमा ५ जना, बागमती प्रदेशमा ६ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा ४ जना र सुदूरपश्चिम प्रदेशमा ७ जना गरी जम्मा १ सय ३ जनाको मृत्यु भएको हो ।

काठमाडौं उपत्यकामा ३ जना, कोशी प्रदेशमा ३१ जना, मधेश प्रदेशमा ८ जना, बागमती प्रदेशमा ४ जना, गण्डकी प्रदेशमा २८ जना, लुम्बिनी प्रदेशमा ९ जना, कर्णाली प्रदेशमा १५ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना गरी जम्मा १ सय ९ जना घाइते भएका छन् । घाइतेलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ ।


कोशी प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा १२ जना गरी जम्मा ५३ जनाको उद्दार गरिएको छ । बाढीपहिरोमा परी कोशी प्रदेशमा २ जना, बागमती प्रदेशमा २ जना र गण्डकी प्रदेशमा १ जना र सुदूरपश्चिम प्रदेशमा १ जना गरी ६ जना वेपत्ता भएका छन् ।

वेपत्ताको खोजी कार्य जारी छ । बाढीको कारण जम्मा १ सय ८२ घर डुबानमा परेका छन् । १ सय ८९ घर, ७२ गोठ, ४१ पुल, १ विद्यालय र २ सरकारी कार्यालयमा क्षति पुगेको छ । ५ सय ९ पशुचौपायको मृत्यु भएको छ । यो अवधिमा विपद्का घटनाबाट ३ हजार ५ सय ४७ घर परिवार विस्थापित भएका छन् ।

बाढीपहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घरपरिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने काम विभिन्न निकाय र स्थानीयबासीको समन्वय र सहयोगमा गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य प्रहरीले गरिरहेको जनाएको छ ।

# वासुदेव-भानु स्मृति साहित्य सम्मानबाट दीपक गौतम सम्मानित

साझाकुरा संवाददाता



हेटौंडा, २८ असार/ बासुदेव रिजाल स्मृति प्रतिष्ठान हेटौंडाले साहित्यकार दीपक गौतमलाई सम्मान गरेको छ । आदिकवि भानुभक्त आचार्यको २११ औं जन्मजयन्तीको अवसरमा मकवानपुरगढी गाउँपालिका-३ भानु माविमा आयोजित बासुदेव-भानु स्मृति साहित्य सम्मान, कविता प्रतियोगिता तथा रचनावाचन कार्यक्रममा साहित्यकार गौतमलाई बासुदेव-भानु स्मृति साहित्य सम्मान-२०८१ बाट सम्मानित गरिएको हो ।

नेपाली भाषा साहित्यमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै गौतमलाई सम्मानित गरिएको हो । साहित्यकार गौतमलाई सम्मानपत्रका साथ नगद १५ हजार रुपैयाँ प्रदान गरिएको थियो । साहित्यकार गौतमलाई विशेषत: नेपाली भाषा, साहित्यको क्षेत्रमा नवपुस्तालाई जोड्न पुऱ्याएको योगदानको मूल्यांकन गर्दै सम्मान गरिएको हो । यसअघि यो सम्मानबाट रामचन्द्र आचार्य (फुर्सदी), पुरुषोत्तम आचार्य, प्रभा भट्टराई, श्यामकुमार बानियाँ, नरेन्द्र परासर, मुना अर्याल, निमेष निखिल, जनार्दन खनाल, ठाकुर शर्मा र सुनिल गौतम सम्मानित भइसकेका छन् ।

कार्यक्रममा भानु माविमा अध्ययनरत विद्यार्थीबीच कविता प्रतियोगिता आयोजना गरिएको थियो । विद्यार्थीबाट प्राप्त २५ कवितामध्ये १० वटा कवितालाई प्रतियोगितामा सहभागी गराईएको थियो । जसमध्ये श्रीया फूयाँल, सुनमाया ब्लोन र अनुश्री अधिकारीको कविता उत्कृष्ट भएका थिए । उनीहरुले प्रमाणपत्र र जनही दुई हजार प्राप्त गरेका थिए । यसैगरी प्रतियोगितामा अनुष्का दाहाल र स्वराज सापकोटाले सान्त्वना प्राप्त गरेका थिए । उनीहरुले जनही पाँच सय र प्रमाणपत्र हात पारेका थिए ।

प्रतियोगिताको निर्णायकमा साहित्यकार सुवास सजल, शिवराज शाही रहेका थिए । प्रतियोगितामा सहभागी अन्य विद्यार्थीलाई पनि प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतिष्ठानका कोषाध्यक्ष अञ्जना उपाध्याय रिजालको सभाध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि भानु मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खिलप्रसाद चौलागाईं रहेका थिए । विद्यालय प्रांगणमा रहेको आदिकवि भानुभक्त आचार्यको प्रतिमामा माल्यार्पण गरेर सुरु भएको कार्यक्रममा विद्यालयका शिक्षिका सन्तोषी नगरकोटी, साहित्यकार अनिता न्यौपानले सहजीकरण गरेका थिए ।

साहित्यकार देवराज खरेलले आदिकवि भानुभक्त र बासुदेव रिजालको व्यक्तित्वका बारेमा प्रकाश पारेका थिए । सिस्नुपानी मकवानपुरका अध्यक्ष राजकुमार लामिछाने, पत्रकार महासंघ मकवानपुरका कार्यवाहक अध्यक्ष ध्रुव अधिकारी, विद्यालयका प्रधानाध्यापक राजेन्द्र थापाले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा समानित व्यक्तित्व गौतम, साहित्यकार राजकुमार लामिछाने, अनिता न्यौपाने, सुवास सजल, शिक्षिका नगरकोटीले अप्रतियोगी कवितावाचन गरेका थिए ।

# एमाले निकट जनसंगठनले पालिकातहको अधिवेशन गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ नेकपा एमाले, जनसंगठन समन्वय संयन्त्र, मकवानपुरको पहिलो बैठक सम्पन्न भएको छ । बैठकले संयन्त्रको वार्षिक कार्ययोजना अनुमोदन गर्नुका साथै जनसंगठन परिचालनका सम्बन्धमा विभिन्न निर्णय गरेको छ ।

साउन महिनाभित्र सबै जनसंगठनको वार्षिक कार्ययोजना निर्माण, साउन ६ गते पाटी जिल्ला कमिटीबाट आयोजना हुने पुष्पलाल स्मृति दिवस सफल बनाउन सबै जनसंगठनको उपस्थिति, जिल्ला विपद् ब्यवस्थापन तथा स्वयम्सेवक विभागसँग समन्वयमा विपद्को घडीमा उद्दार र राहतलगायत कार्यमा जनसंगठन परिचालित हुनका लागि बैठकले निर्देशित गरेको छ ।

त्यसैगरी पाटी जिल्ला कमिटीको सर्कुलर अनुसार असोज मसान्तसम्म अवधि पुगेका सबै जनसंगठनको जिल्ला एवम् पालिका तहसम्म अधिवेशन गर्न निर्देशित गरेको छ ।

बैठकमा केन्द्रीय सदस्य केदार न्यौपानेले जनसंगठनले वर्गीय एवम् सामुदायिक मुद्दा सम्बोधन गर्दै संगठन विस्तार र पाटी निर्माणको आधार तयार गर्नुपर्नेमा जोड दिए । केन्द्रीय सदस्य रामेश्वर रानाले जनसंगठन समन्वयसम्बन्धी निर्देशिका-२०७८ ले संयन्त्रमार्फत् जनसंगठन परिचालनको स्पष्ट ब्यवस्था गरेकोले जनसंगठन सोहीअनुसार क्रियाशील हुनुपर्ने बताए ।

मिसन-२०८४ लाई सफल बनाउन जनसंगठनको महत्वपूर्ण भूमिका हुने भएको योजनावद्धरुपमा जनसंगठन परिचालित हुनुपर्ने जिल्ला अध्यक्ष श्रीधर पोखरेलको धारणा थियो ।

संयन्त्रका संयोजक सन्तोष पौडेलको अध्यक्षता एवम् पाटी केन्द्रीय सदस्य न्यौपानेको प्रमुख आतिथ्यतामा बैठक भएको हो । बैठकमा जिल्ला कमिटी उपाध्यक्ष हिदम लामा, सचिव सीता विष्टलगायतले बोलेका थिए ।

संयन्त्रका सह-संयोजक मिलन पाठक, विपद् ब्यवस्थापन तथा स्वयम्सेवक विभाग प्रमुख शिवहरि दाहाल सहित १५ वटा जनसंगठनको ईन्चार्ज, सहईन्चार्ज तथा जिल्ल्ला अध्यक्षको उपस्थिति रहेको थियो ।

# मकवानपुर क्याम्पस र चुरेहिल अस्पतालबीच सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ मकवानपुर बहुमुखी क्याम्पस र सिएमसी चुरेहिल अस्पतालबीच क्याम्पसको विद्यार्थी, प्राध्यापक, कर्मचारीको उपचारमा छुट सम्झौता भएको छ ।

शुक्रबार भएको सम्झौतामा क्याम्पसको विद्यार्थी, प्राध्यापक, कर्मचारीको उपचारमा २० प्रतिशत, औषधि खरिदमा ७ प्रतिशत छुट हुने उल्लेख गरिएको छ । क्याम्पसको परिचयपत्रको आधारमा स्वास्थ्य सुबिधा उपलब्ध गराउने अस्पताल प्रशासनले जनाएको छ । सम्झौतापत्रमा मकवानपुर बहुमुखी क्याम्पसको तर्फबाट क्याम्पसप्रमुख डा.यम सिलवाल र अस्पतालका अध्यक्ष प्रताप देबकोटाले हस्ताक्षर गरेका छन् ।

सम्झौतामा अस्पतालले क्याम्पसमा अतिथि प्राध्यापकमार्फत् शिक्षणमा सहयोग गर्ने र विज्ञान संकायका बिद्यार्थीलाई अभ्यासको लागि प्रयोगशाला उपलब्ध गराउने उल्लेख गरिएको छ । क्याम्पसमा अध्ययनरत विद्यार्थी, कार्यरत प्राध्यापक, कर्मचारीको स्वास्थ्यउपचारमा सहज बनाउन सिएमसी चुरेहिल अस्पतालबीच उपचार लगायतको सम्झौता गर्न पहल गरिएको अखिल क्रान्तिकारी मकवानपुर बहुमुखी क्याम्पस कमिटी अध्यक्ष अभ्युदय खनालले बताए ।

# उद्दार र राहात कार्यलाई व्यवस्थित गर्न सभापति बानियाँको आग्रह

साझाकुरा संवाददाता



हेटौंडा, २८ असार/ नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले बाढी-पहिरोलगायत विपद्को विभिन्न घटनामा परेर प्रभावित बनेका नागरिकको उद्दार र राहत कार्यमा व्यवस्थित गर्न आग्रह गरेका छन् ।

सभापति बानियाँले शुक्रबार विज्ञप्ती जारी गर्दै बाढी-पहिरो प्रभावित क्षेत्रमा मानवीय र भौतिक क्षति रोक्न तीनै तहका सरकारले आवश्यक समन्वय र योजनाका साथ सम्पूर्ण ध्यान केन्द्रित गर्न आग्रह गरेका हुन् । सभापति बानियाँद्वारा जारी विज्ञप्तिमा बाढी-पहिरोबाट सम्पर्कविहिनको खोजी तीव्र बनाउन, पीडित परिवारलाई तत्काल राहत उपलब्ध गराउँदै घाइतेलाई उपचारको व्यवस्था गरी प्रकोपबाट उत्पन्न असहज परिस्थितिमा नागरिकले सहज जीवनयापन गर्नसक्ने व्यवस्था मिलाउन भनिएको छ ।

सभापति बानियाँले प्रदेशभित्रका नेपाली कांग्रेसका नेता, कार्यकर्ता, भातृ तथा शुभेच्छुक संस्थाका पदाधिकारी, सदस्यहरु एवम् सम्पूर्ण सांगठानिक संरचनाका पदाधिकारीलाई प्रभावित जिल्लाका सम्पूर्ण स्थानमा पुगी उद्दार तथा राहातमा खटिएका सरकारी संयन्त्रलाई विशेष सहयोग गर्न निर्देशन दिएका छन् । सभापति बानियाँले यस प्रकारको प्रकोपमा परी मृत्यु भएकाहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा समवेदना प्रकट गरेका छन् ।

# छोटो दुरीको मार्ग अवरुद्ध, पहिरो पन्छाउन समय लाग्ने

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ हेटौंडा-काठमाडौं छोटो मार्गअन्तर्गत कुलेखानी-मार्खु सडकखण्ड अवरुद्ध भएको छ । मक्वानपुरको इन्द्रसरोबर गाउँपालिका-१ सिमलाङस्थित दुई स्थानमा पहिरो खस्दा कुलेखानी-मार्खु सडकखण्ड अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार अबिरल बर्षाको कारण शुक्रबार दिउँसो ३ बजेको समयमा सडकमा पहिरो खसेको थियो । पहिलो पन्छाउन समय लाग्ने भएको आज शनिवार बाट मात्रै पूर्णरुपमा सडक सञ्चालन हुने सम्भावना रहेको प्रहरीले जनाएको छ ।

# व्यायाम पार्क परिषरमा सरसफाई

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ आदिकवि भानुभक्त आचार्यको २११ औं जन्मजयन्तिको अवसरमा हेटौंडा-१, स्थित राप्ती नदी तटमा रहेको हेटौंडा ब्यायाम पार्क परिषरमा सर सफाई गरिएको छ ।

रामेछाप-काभ्रे मैत्री समाज मकवानपुर र बागमती प्रदेश प्रहरी गण हेटौंडाको संयुक्त आयोजनामा कार्यक्रम गरिएको हो । काभ्रे मैत्री समाज मकवानपुरका अध्यक्ष मानबहादुर लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रहरीनिरीक्षक शोभनबिक्रम राणा, प्रहरीनिरीक्षक कैलाश चौधरी, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडा शाखाप्रमुख कृष्णप्रसाद घिमिरे, समाजका सविच शुक्रराज लामा, नगरप्रहरी बल, नगर वातावरण शाखा प्रतिनिधिहरु लगायतको सहभागिता थियो ।

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरू

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रू.१५००/-

कार्यक्रमहरू

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

अध्यापन हुने विषयहरू

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
|---|---|---|
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. विजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | | |

प्राविधिक तर्फ
क. कम्प्युटर सफ्टवेयर

हाम्रो विशेषताहरू:

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाकलाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुरागाई प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफ्ल छापाखाना